प्रदेश सरकार
१ नं. प्रदेश
उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, सुनसरी

प.सं. :
च.नं. :

फोन नं. : ०२५-५६०१७८
Email: sundfo@dof.gov.np

## फलफूलका विरूवा खरिद र ढुवानी सम्बन्धी शिलवन्दी दरभाउपत्र आवह्वानको सूचना

(प्रभात दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७८/०२/११ गते)

चालु आ.व.को २०७७/०७८ को यस कार्यालयको स्वीकृत उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ( संघ सर्शत अनुदान) कार्यक्रम अन्तरगत आपूतिकर्ताबाट तपसिल बमोजिमका फलफूलका विरूवा खरिद र ढुवानी कार्य शिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नु पर्ने भएकोले निम्न शर्तहरूको अधिनमा रही प्रचलित कानून बमोजिम योग्यता पुगेका इच्छुक आपूर्तिकर्ताहरूले यो सूचना बमोजिमको शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू :**

१) ईच्छुक आपूर्तिकर्ताहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिवाट १५ औं दिन सम्म कार्यालय समय भित्र लिखित निवेदनका साथ आपूर्तिकर्ताको व्यवसायिक प्रमाण (नविकरण भएको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर/मुल्य अभिबृद्धि कर प्रमाणपत्र तथा आ. व. २०७६।०७७ को करचुक्ता प्रमाणपत्र को प्रतिलिपी) पेश गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगर वा प्रदेश वन निर्देशनालय, प्रदेश नं. १, धरान, वा डिभिजन वन कार्यालय, सुनसरीवाट रू. १०००।०० (फिर्ता नहुने) दस्तुर बुझाई शिलवन्दी दरभाउ पत्र फाराम खरिद गर्न सकिने छ ।

२) खरिद गरिएका दरभाउपत्रहरू रितपूर्वक भरी शिलवन्दी गरेर सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १:०० बजे सम्म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगर वा प्रदेश वन निर्देशनालय, प्रदेश नं. १, धरान, वा डिभिजन वन कार्यालय, सुनसरीमा दाखिला गर्न सकिने छ ।

३) दाखिला हुन आएका दरभाउपत्रहरू दाखिला हुने अन्तिम दिनको भोलिपल्ट (१७औं दिन) को विहान ११:०० बजे देखि कार्यालय प्रतिनिधीहरू र सिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा शिलवन्दी दरभाउपत्र फाराम यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४) शिलवन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन उल्लेखित कार्य गरिने छ ।

५) प्रत्येक लटको प्रजाती अनुसारका फलफूलका विरूवाको लागि अलग अलग कबोल रकम दरभाउपत्रमा उल्लेख गर्नुपर्ने र बेग्लाबेग्लै लटको लागी बेग्लाबेग्लै दरभाउपत्र सिलवन्दी गरी पेश गर्नु पर्नेछ । खाममा लट नं., फर्मको नाम, सिल (लाहाछाप) थान अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ ।

६) जसको नाममा विक्री भएको दरभाउपत्र फारम हो, उसैको तर्फबाटदाखिला गर्नु पर्नेछ ।

७) दरभाउपत्रको साथमा छुट्टाछुट्टै लटको लागी स्विकृत लागत अनुमान रकमको २.५ प्रतिसतले हुने धरौटी रकम प्रदेश लेखा इकाई कार्यालय, सुनसरीको राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, इनरूवा स्थित खाता नं. २२२०१००२०२०३०००० डिभिजन वन कार्यालय, सुनसरीको कोर्ड नं. ३०७०२१४०२१ मा नगद जम्मा गरेको लट अनुसारको छुट्टाछुट्टै सक्कल भौचर वा कम्तिमा ७५ दिन सम्मको रित पुर्वकको बैंक ग्यारेन्टी शिलवन्दी गरिएको खामभित्र समावेश हुनु पर्नेछ । धरौटी रकम अनिवार्य रूपमा दरभाउपत्रदाता फर्मको नामबाट दाखिला भएको भौचर हुनुपर्नेछ । व्यक्तिको नाममा दाखिला भएको भौचर मान्यहुने छैन ।

८) दरभाउपत्रमा सकार रकम अंक र अक्षर दुवैमा अनिवार्य रूपम लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यतादिईने छ ।

९) दरभाउपत्रमार सो सम्बन्धि कागजातमा दरभाउपत्रदाताको सहीछाप भई नआएमा अमान्य हुनेछ ।

Scanned with CamScanner

प्रदेश सरकार
१ नं. प्रदेश
उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, सुनसरी

प.सं. :
च.नं. :
फोन नं. : ०२५-५६०१७८
Email: sundfo@dof.gov.np

१०) केरमेट भएको स्थानमा दरभाउपत्रदाताको सहिछाप अनिवार्य रूपमा गर्नु पर्ने छ ।
११) म्याद नाघी वा रित नपुगी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
१२) दरभाउपत्र स्विकृत हुनु भन्दा अघि सम्बन्धित आपूर्तिकर्तालाई जानकारी दिई यस कार्यालयबाट माँग भएका विरूवाहरूको गुणस्तर अनुगमन गरिने छ ।
१३) दरभाउपत्र सदर वा बदर गर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।
१४). अन्य शर्तहरूको हकमा प्रचलित आर्थिक ऐन, नियम र सार्वजनिक खरिद ऐन नियम अनुसार हुनेछ ।
१५) दरभाउ पत्र मान्य नहुने अवस्थाहरू

- शिलबन्दी नभएका दरभाउ पत्रहरू
- आवश्यक कागजात संलग्न नभएका दरभाउ पत्रहरू
- इष्टिमेट रकमको २.५ प्रतिशत हुने धरौटीको सक्कल भौचर वा सक्कल बैंक ग्यारेन्टी समावेश नभएका दरभाउपत्र
- रित नपुगेको र १ भन्दा बढी लटको लागि एउटै दरभाउ पत्र भरिएको दरभाउपत्र
- कार्यालयबाट प्रमाणित नभएको दरभाउपत्र
- शर्त राखी पेश भएका दरभाउ पत्र
- दरभाउपत्र खरिद गर्ने फर्म आफैले भरि सहिछाप गरि पेश नभएका दरभाउपत्र

## तपसिल

| लट नं./ | प्रजाती | खरिद गरिने फलफूलविरूवाको विवरण | | | |
|---|---|---|---|---|---|
| | | स्पेसिफिकेशन | जम्मा संख्या | जम्मा अधिकतम मूल्य ढुवानी समेत रू. | आपूर्ति गर्नु पर्ने स्थान |
| थप/१ | अम्रपाली आँपको १ बर्षे विरूवा | कलमी, उमेर १ देखी २ बर्ष, १.५ देखी ३ फिट उचाईको, पराल/जुट/प्लष्टिकले माटो सहितको जरा बेरिएको, रोग किरा नलागेको स्वस्थ्य विरूवा | २५०० | ७५६८००/०० | देवानगंज वन नर्सरी |
| थप/१ | मलिका आँपको १ बर्षे विरूवा | | २००० | | |
| थप/१ | अन्य (माल्दह, बम्बइ, कृष्णभोग आदी) आँपको १ बर्षे विरूवा | | १००० | | |
| थप/१ | लिचि (शाही/सिडलेस) को १ बर्षे विरूवा | | २४०० | | |
| थप/१ | थप लट नं. १ को जम्मा | | ७९०० | ७५६८००/०० | |
| थप/२ | अम्रपाली आँपको १ बर्षे विरूवा | कलमी, उमेर १ देखी २ बर्ष, १.५ देखी ३ फिट उचाईको, पराल/जुट/प्लष्टिकले माटो सहितको जरा बेरिएको, रोग किरा नलागेको स्वस्थ्य विरूवा | २५०० | ७५६८००/०० | डिभिजन वन नर्सरी इनरूवा |
| थप/२ | मलिका आँपको १ बर्षे विरूवा | | २००० | | |
| थप/२ | अन्य (माल्दह, बम्बइ, कृष्णभोग आदी) आँपको १ बर्षे विरूवा | | १००० | | |
| थप/२ | लिचि (शाही/सिडलेस) को १ बर्षे विरूवा | | २४०० | | |
| थप/२ | थप लट नं. २ को जम्मा | | ७९०० | ७५६८००/०० | |

Scanned with CamScanner